मध्यपुर थिमी नगरपालिकाले सम्पन्न गरेको काम कारबाहिको

सार्बजनिक सुनबाई

प्रतिबेदन

# १)पृष्ठभूमि

यस नगरपालिकाले गत आ.ब २०६९/२०७० मा सम्पादन गरेका आयोजनाहरु र भए गरेका काम कारबाहीको बिषयमा नगरबासीहरुको राय सल्लाह, सुझाब,गुनासो,बुझनका लागी सार्बजनिक सुनबाई कार्यक्रम २०७० भाद्र २४ सोमबार दिउसो ३.०० बजेबाट सहयोगी बचत तथा ऋण सहकारी संस्था लि.मा संचालन भएको थियो ।

सुशासन (ब्यबस्था र संचालन)ऐन २०६३,नियमाबली २०६४,स्थानिय निकाय आ.प्र नियमाबली २०६४,स्थानिय बिकास मन्त्रालयबाट जारी भएको सामाजिक परिक्षण कार्यबिधी २०६३ तथा नेपाल सरकार बाट समय समयमा जारी निर्देशन अनुसार नगरपालिकाले सम्पादन गरेकाका काम,कारबाहीको सार्बजनिक सुनवाई गर्नु पर्ने भएको छ ।

कार्यक्रममा पुर्ब जनप्रतिनिधिहरु,पुर्ब सर्वदलिय संयन्त्रका प्रतिनिधि,बिभिन्न कार्यालयका प्रतिनिधिहरु, सामाजिक संघ संस्थाका प्रतिनिधिहरु,नागरीकसमाज,पत्रकारहरु,सहकारीसंस्था, टोल विकास संस्थाका प्रतिनिधिहरु तथा उपभोक्ता समितिका प्रतिनिधिहरु न.पा कर्मचारी सहित ५८ जनाको सहभागिता रहेको थियो ।

## २)उदेश्य

क) नगरपालिकाको लक्ष्यअनुसार काम भए नभएको बारेमा नगरबासीहरुलाई जानकारी गराउनु।

ख) नगरपालिकाले नगरबासीको हित र चाहना अनुरुपको काम भयो वा भएन जानकारी प्राप्त गर्न ।

ग) नगरपालिकाले गरेका सेबा प्रबाहमा मा के कस्ता कमी कमजोरी भए सो को जानकारी प्राप्त गर्न ।

घ) नगरपालिका बाट संचालित बिकास कार्यक्रम उपलब्ध सेबा,बस्तु,सुबिधा सार्बजनिक गर्ने ।

ङ) नगरपालिका बाट संचालित बिकास कार्यक्रम, उपलब्ध सेबा,सुबिधा बस्तु मा नगरबासीले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने ।

## ३)कार्यक्रम

यस नगरपालिकाले सम्पन्न गरेका सेबा प्रबाह बिभिन्न योजनागत कार्यक्रमहरुका बारेमा सहयोगी बचत तथा ऋण सहकारी संस्था लि मा २०७० भाद्र २४ गते सोमबार दिन दिउसो ३.०० मध्यपुर थिमि नगरपालिकाका प्रमख एवं कार्यकारी अधिकृत श्री दुर्गा देबी देबकोटाको अध्यक्षता, वरिष्ठ कानून अधिकृत श्री केशव सिलवालले संचालन गर्नु भएको सार्बजनिक सुनवाई लाई दुई सत्रमा विभाजन गरि संचालन गरिएको थियो । पहिलो सत्रमा नगरपालिकाको प्रमुख तथा कार्यकारी अधिकृत्त श्री दुगादेबी देबकोटाले कार्यक्रमको उदेश्य माथी प्रकाश पार्दै प्रमख एवं कार्यकारी अधिकृतले बार्षिक गतिबिधिका बारेमा प्रस्तुत गर्नु भएको थियो । प्रस्तुतीकरण गरिएका विवरणहरु अनुसुचि १ मा संलग्न गरिएको छ ।

४) उठेका प्रश्न एंब जिज्ञासाहरुको जबाफ सम्बन्धित शाखा प्रमुख बाट दिईयो ।

फोहोरमैला ब्यबस्थापन र सरसफाई को सन्दर्भमा शा.बि शाखा प्रमुख तुल्सी भक्त तकोले,नगरपालिकाको प्रमुख तथा कार्यकारी अधिकृत्त श्री दुगादेबी देबकोटाले कार्यक्रमको उदेश्य बारे प्रकाश पार्दै न.पा संग सम्बधित योजनागत कार्यक्रम, अयिमित निमाणको लगायत अन्य जिज्ञाशाको सन्दर्भमा स्पष्ट गर्दै नगरबासीको चाहाना,भाबना अनुसार नगरलाई अगाडी बढाउने प्रतिबद्धता ब्यक्त गर्नु भयो ।

५)उपलब्धी

क)नगरपालिकाको लक्ष्यअनुसार काम भए नभएको बारेमा नगरबासीहरु संग छलफल गर्ने मौका मिल्यो।

ख) नगरपालिकाले नगरबासीको हित र चाहना अनुरुपको काम भयो वा भएन जानकारी प्राप्त गर्न मौका मिल्यो।

ग)नगरपालिकाले गरेका सेबा प्रबाहमा मा के कस्ता कमी कमजोरी भए सो को जानकारी प्राप्त गर्न मौका मिल्यो।

घ)नगरपालिका बाट संचालित बिकास कार्यक्रम उपलब्ध सेबा,बस्तु,सुबिधा सार्बजनिक गर्ने मौका मिल्यो।

ड) नगरपालिका बाट संचालित बिकास कार्यक्रम, उपलब्ध सेबा,सुबिधा बस्तु मा नगरबासीले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने मौका मिल्यो।

च) नगरपालिका बाट संचालित,सम्पादित काम कारबाहीहरु तथा कार्यक्रम सम्बन्धमा नगरबासीको तर्फबाट समयसापेक्ष सुधारको लागी सुझाब प्राप्त गर्ने मौका मिल्यो।

६)निष्कर्ष

कार्यक्रम सौहादपुर्ण बाताबरणमा सम्पन्न भयो । कार्यक्रममा जिल्ला स्थित बिभिन्न कार्यलयहरु,बिषयगत कार्यालयहरु,पुर्बजनप्रतिनिधिज्युहरु,बिभिन्नसंघसंस्था,नागरीकसमाज,पत्रकार,नगरपालिकामा कार्यरत कर्मचारीहरु को उपस्थिति रहेको थियो । कार्यक्रम उपलब्धीमुलक रहेको थियो ।